दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली , दाङ

लुम्बिनी प्रदेश , नेपाल

## सेवा करारमा रोजगार सहायक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति :- २०७९/०४/०२*

यस दंगीशरण गाउँपालिकामा **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तरगत संचालित **रोजगार सेवा केन्द्रको** लागि आवश्यक **रोजगार सहायक** पद सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ,

(ख) दरखास्त दिने अन्तिम मितिमा उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ,

(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ,

**२. दरखास्त दिने स्थानः-** दंगीशरण गाउँपालिकाको कार्यालय , हेकुली ।

**३. दरखास्त दिने अन्तिम मिति :-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

**४. आवेदन दस्तुरः-** रु. ५०० /- (पाँच सय मात्र)

**५. छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपी , तालिमको प्रमाणपत्रको प्रतिलिपी , नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको अनुभव भए सोको कागजातको प्रतिलिपी , २ प्रति हालसालै खिचेको पासपोर्ट आकारको फोटो ।

**७. सेवा सुविधाः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम ।

**नोट :-** *स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट* **www.pmep.gov.np** *तथा यस दंगीशरण गाउँपालिकाको कार्यालयको वेबसाईट* **www.dangisharanmun.gov.np** *मा उपलब्ध छ ।*